# प्रदेश सभा
# गण्डकी प्रदेश
# छैटौं अधिवेशन
# (सत्रौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः २०७७।०२।२५ गते

प्रदेश सभा, गण्डकी प्रदेशको छैटौं अधिवेशनको आजको बैठकको कारबाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा बस्यो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको कारवाही, बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुका लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय श्री खिमविक्रम शाही, बाग्लुङ ।

**माननीय खिमविक्रम शाही**

माननीय सभामुखज्यू, यो विश्वभरि फैलिएको कोभिड-१९ले हाम्रो गण्डकी प्रदेशलाई पनि गर्दैछ र हाम्रो यसैको कारणले पनि हाम्रो बाग्लुङ जिल्लाको पश्चिम भेग यहाँ चार वटा गाउँपालिका, निसीखोला गाउँपालिका, तमानखोला गाउँपालिका, ढोरपाटन नगरपालिका र बडिगार्ड गाउँपालिका चार वटा गाउँपालिकामा संक्रमित संख्या बढ्दै गएको र आइसोलेसनको ब्यवस्था धौलागिरी अञ्चल अस्पतालमा भएको र त्यहाँ पनि ठाउँ अभाव भएको हुनाले बुर्तिबाङमै बुर्तिवाङमा स्वास्थ्य केन्द्र आइसोलेसनको व्यवस्था गर्नका लागि म सरकारसँग अनुरोध गर्छु र अर्को विषय यो हाम्रो रुकुम रोल्पा र बागलुङको सिमाना पातिहाल्ने भन्ने ठाउँ त्यहाँ जग्गाको विवादको कारणले सालबसाली गाई भैसी चराउन जाँदा झगडा हुने गर्छ ।यो हाम्रो श्रेत्र पनि हो । उत्तरगंगा गाउँपालिका **(माननीय सभामुख : माननीय सदस्य समय सिद्धियो)**धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य जूनादेवी नेपाली, पर्वत ।

**माननीय जूनादेवी नेपाली**

माननीय सभामुखज्यू, यही गएको चैत र वैशाख महिनामा पर्वत र बागलुङका विभिन्न ठाउँमा अविरल वर्षा र असिनापानीले कृषि बाली र नालीमा ४ करोडभन्दा बढी क्षति भएको छ । सम्पूर्ण विवरण कृषि ज्ञानकेन्द्र पर्वत र विपद् व्यवस्थापन समितिले प्रदेशमा पठाएको छ र क्षतिपूर्ति उपलब्ध गराइदिनु हुन सभामुखज्यु मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

कोभिड-१९ रोगको संक्रमणको आशंकामा क्वारेन्टाइनमा राखेका व्यक्तिहरुको पि.सि.आर टेस्टका लागि स्वाब लिने काम र लिइएको स्वाबको पि.सि.आर टेस्ट रिपोर्ट आउन ढिलाइ देखिएको छ । यस कार्यलाई तीव्रता दिन म सभामुख महोदय मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्दछु । धन्यवाद,नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य दोबाटे विश्वकर्मा, तनहुँ ।

**माननीय दोबाटे विश्वकर्मा**

माननीय सभामुखज्यू, विशेष गरेर अहिले यो क्वारेन्टाइनमा बस्ने मान्छेहरुको अतिनै चाप बढेको र हाम्रो प्रदेशमा नि अब यो बिरामीहरुको धेरै चाप बढेको कारणले जुन पि.सि.आर मेसिन छ । त्यो मेसिन अत्याधिक कम भएको कारणले रिपोर्ट आउन कम भएको देखिएकोले गर्दा अहिले स्थानीय तहहरुले त्यो मेसिन किन्दाको त्यो ल्याब टेस्ट मेसिन पिसिआर मेसिन किन्नको लागि उहाँहरुले स्वीकृति पाए भयो किन्छु भन्नु भएको छ ।

त्यसको लागि प्रदेश सभा अथवा केन्द्रीय सरकारसँग त्यसलाई समन्वय गरेर किन्ने वातावरण मिलाइदिको लागि म सभामुखमार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु।विशेष गरेर अहिले त्यो मेसिनको पैसा धन्दै धन्दै ३६ लाख जति पर्नेमा यो १ करोड ५० लाख पर्छ भन्ने कुराहरु राखेर स्वास्थ्य निर्देशनालयले आलटाल गरेको छ भन्ने सुनिएको छ । त्यसले गर्दा खेरीमा त्यसको यथार्थ के हो त्यो बुझेर त्यो मेसिन किन्ने वातावरण मिलाइदिनका लागि अनुरोध गर्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य अब म मणिभद्र शर्मा बाग्लुङ ।

**माननीय सदस्य मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, हामीले यस सदनबाट पारित गरेको वरपिपल वाला विधेयक सिकिस्त बिरामी भएको पाइयो । यसलाई राम्रो उपचार गरेर सक्रिय बनाउन म अनुरोध गर्दछु । अर्को यो मुख्यमन्त्री नमुना गाउँमा जम्मा ७० घर परिवारले मात्रै एउटा गाउँको हालीमुहाली गरेको खबर आयो । त्यसमा त्यो गाउँका सबै समेटिने व्यवस्था होस्, धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य मनकुमारी गुरुङ, गोरखा ।

**माननीय मनकुमारी गुरुङ**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशमा फेरि थप ३८ जना कोरोना संक्रमित थपियो । जसमध्ये १० जना गोरखामा पनि देखियो । उनीहरु भारतबाट आएका हुन् भने पनि थप रेकर्ड आउँदै छन् । भारतबाट आएका मात्र ५ सय भन्दा बढी छन्। उनीहरु सबैलाई पि.सि.आर टेस्ट भएकै छैन । यो तत्काल गरियोस् । गोरखा हस्पिटलमा जम्मा १० वटा मात्र आइसोलेसन वार्ड छ । भारतबाट आएका मात्र ५ सय बढी छन् भने अब त्यहाँ कसरी व्यवस्थापन गर्ने हो, सरकारको ध्यान जाओस् । गोरखामा तत्काल आइसोलेसन वार्ड थपियोस् ।

सभामुख महोदय, गण्डकी प्रदेश नेपाल भरकै भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरुको गन्तव्य मध्ये कै केन्द्रबिन्दुमा पर्छ । तसर्थ गण्डकी प्रदेश भरी छरिएर रहेको होटल तथा पर्यटन व्यवसायहरु कोभिड-१९ कोरोना भाइरसको कारणले ९० प्रतिशत विस्थपित हुने अवस्थामा पुगेको छ ।

यी व्यवसायीहरुलाई लकडाउन अवधिभर घरभाडा छुट गराई सहुलियत प्रदान गरिओस् भनी अनुरोध गर्दछु। हवस् धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य राजीव पहारी, कास्की ।

**माननीय राजीव पहारी**

सभामुख महोदय, अस्ति राति र हिजो दिनभर परेको अविरल वर्षाको कारणले पोखरा वडा नम्बर ६ र १८ को सिमानामाको रहेको सेदी डाँडाको ढिस्को खसेको अवस्था छ। खसेको अवस्था छ । पोखरा १८ को छतिडाँडा नजिकको बाटो लस्केको र फाटेको छ । हल्लनचोकदेखि पामे घाँटीछिना हुँदै राम्जा पर्वतसम्म जाने बाटोको रुपमा रहेको यो ठाउँमा बाटो अवरुद्ध हुँदा धेरै ठूलो असर पर्छ ।

तसर्थ अविलम्ब म सरकारले यी ठाउँहरुमा पुनःनिर्माणको काम गर्नका लागि ध्यानाकृष्ट गराउन चाहन्छु र कोरोना भाइरसको संक्रमण तिव्रगतिमा भइरहेको छ । कम्युनिष्टमा फैलिने यो अझसम्म फैलिइसकेको अवस्था अझसम्म छैन । फैलिने हो कि भन्ने आशंकाहरु देखिइरहेका छन् । तसर्थ कम्युनिटीमा फैलन नदिन र बेलैमा यसलाई नियन्त्रण गर्नका निम्ति म सम्बन्धित मन्त्रालयको, सरकारको गम्भीर ध्यानाकृष्ट गराउन चाहन्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आ आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री कृष्णबहादुर थापा (समय १० मिनेट) ।

**माननीय कृष्णबहादुर थापा**

माननीय सभामुख महोदय, खासगरी आज म यो सम्मानित सभामा बाध्यतावश यो विषयमा केही कुराहरु बोल्नुपर्ने ठानेर आफ्ना विषयहरु राख्दैछु ।

माननीय सभामुख महोदय, यही जेठ १४ गते हाम्रो यो सम्मानित सभामा केही माननीयज्यूहरु, दोबाटे विश्वकर्माजी, नामको पछाडि आचार्य भएको माननीयज्यू, नामको पछाडि (माननीय सदस्य, माननीय सदस्यको नाम नलिनु) मेरा अत्यन्त आदरणीय मित्रहरुले यहाँ केही विषय उठाउनु भएको हुनाले त्यो विषयमा म प्रष्ट पार्न चाहन्छु र, जुन विषय, विशेषतः जेठ ६ गते नै, सम्मानित अदालतले एउटा तत्कालीन त्यो विषयको बारेमा बोलेको थियो, र अहिले पनि सम्मानित अदालतमा विचाराधीन अवस्थामा त्यो मुद्दा रहेको छ ।

तसर्थ सभामुख महोदय, संविधानको धारा १०५ ले अदालतमा विचाराधीन रहेको विषयका बारेमा यो सम्मानित अदालतमा विषय नउठाउने भन्दाभन्दै पनि त्यो विषय उठाइएको छ र, म सर्वप्रथम सभामुख महोदयज्यूको पनि ध्यानाकर्षण गर्न चाहन्छु। किनभने यो संविधानको संरक्षण र संवर्द्धन हामी सबैको सहयोगले मात्रै यो संविधानको संरक्षण हुन सक्छ र ६ गतेको कुरालाई १४ गते यहाँ उठाएको हुँदा त्यसको बारेमा म केही प्रष्ट पार्न चाहन्छु ।

सभामुख महोदय, र, यो सम्मानित सभामा मेरा आदरणीय मित्रहरु, साथीहरुले जुन विषय उठाउनु भयो, सम्भवत त्यो विषय मसँग एकखालको व्यक्तिगत सोधेको भए पनि राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ, पहिलो कुरा र, दोस्रो कुरा यही क्षेत्रबाट निर्वाचित सभासदज्यूहरुले वास्तविक कुरा राखेको भए पनि राम्रो हुन्थ्यो तर त्यो क्षेत्रबाट निर्वाचित सभासद, तयही नजिकै रहनुभएको सभासद भोलि त्यो विषय उठाउनु भएन । तनहुँको सभामुख, गोरखाको सभासद, त्यस पछाडि गएर पर्वतको सभासदले त्यो विषय उठाउनु भएको थियो, म उहाँहरुलाई धेरै धेरै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, जुन बाटुलेचौरमा घटेको घटना भनेर भनिएको थियो, बाटुलेचौर वास्तवमा त्यो सम्मानित ठाउँ हो, जो अहिले भर्खरै मात्र हैन, आजभन्दा करिब ४० वर्ष अगाडि नै बलराम र मुक्तिनाथ जस्ता त्यहाँका विद्धानहरुले को अछुत भन्ने किताब लेखेर छुवाछुत अन्त्य गरेका हुन् । २०७२ सालमा मात्रै हाम्रो संविधानका त्यो व्यवस्था भयो ।

त्यहाँ धेरै अगाडि नै त्यो प्रथाको अन्त्य भएको म यहाँ सगौरव जानकारी गराउन चाहन्छु र सभामुख महोदय, वास्तवमा जहाँसम्म मेरो नाम जोडिएको छ । त्यो विषयसँग मेरो सरोकार पनि छैन । म सम्बन्धित पनि छैन । जहाँसम्म मोहन सुनार मेरो एकजना आत्मीय मित्र हुनुहुन्छ । हामीहरु सानैदेखि सँगै पढेको साथी हो । हाम्रो मित्रता हिजो पनि त्यस्तैछ, अहिले पनि छ र भोलि पनि रहीरहने, रहीरहन्छ भन्ने मलाई विश्वास छ र, त्यसको साथ साथै मेरो राजनीतिक क्यारिअरमा म करिब करिब २०३८ साल, २०३५/३६ सालको विद्यार्थी आन्दोलनपछि २०३८ सालमा म अनेरास्ववियुमा संगठित हुँदै मैले जब म आफ्नो राजनीतिक आन्दोलन सुरु गरे, त्यसबेलादेखि अहिले हालसम्मको करिब-करिब यो ४० वर्षको राजनीतिक क्यारिअरमा म कहिल्यै पनि वास्तवमा कम्युनिष्ट पार्टीको सिद्धान्त अनुसार सबै विभेदको अन्त्य गर्ने

जुन हाम्ले सिद्धान्त बोकेम्, त्यो सबै सम्पूर्ण विभेदको अन्याय अत्याचारको, सबै विभेदको छुवाछुतको अन्त्यका लागि निरन्तर निरन्तर लाइरहेको त्यो म यहाँ वास्तविक जानकारी गराउन चाहन्छु । अहिले म आफ्नो सिद्धान्तबाट कहिले पनि विचलित नभई त्यो वास्तवमा उद्देश्यलाई पूरा गर्नको लागि अहिले पनि लागिरहेको र भोलि पनि लागिरहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, र, वास्तवमा यो दलित भनेको के रहेछ भनेर मैले एउटा शब्दकोष पल्टाएर हेरे । बृहत नेपाली शब्दकोषमा पेज नम्बर ६३८ मा के लेखिएको छ भने त्यहाँ कुनै जातको कुरा गरिएको छैन, दलितको अर्थ के लेखिएको छ भने दलितको दमन गरिएको, वास्तवमा पिछडिएको, कुल्चिएको, विध्वंश गरिएको, नस्ट गरिएको, हक इज्जत र प्रतिष्ठाको पाउन नसकेको, समूह वा समूहलाई दलित भनिन्छ भनेर हाम्रो बृहत् नेपाली शब्द कोषको पेज नम्बर ६३८ मा भनेको रैछ र त्यसले पनि के देखाउँछ भने स्वभाविक समाजमा धेरै यो अवस्थामा परेको मान्छेहरु त्यो समुहमा पर्न सक्छन् भन्ने देखाएको छ र कुनै जातको कुरा यसले नगरेको कुरा पनि यहाँ स्पष्ट पार्न चाहन्छ ।

सभामुख महोदय, र जहाँसम्म मोहन सुनारजीलाई अन्याय भयो, आदि इत्यादि कुरा छ, म यहाँ प्रष्ट पार्न चाहन्छु । त्यहाँका हाम्रो त्यो वडाको हाम्रो पार्टीको अध्यक्ष त्यहाँका लगायतका पुराना ३/३ जना तपाईको पूर्व २ जना अध्यक्ष, वर्तमान अध्यक्षले त्यो बारेमा छलफल गर्दै हुनुहुन्थ्यो । स्वभाविक त्यो छलफलमा म वाई दवे त्यहाँ उहाँहरुसँग भेट गरेको थिएँ, मोहन जी पनि त्यही हुनुहुन्थ्यो, र मैले उहाँहरुलाई भने, कुनै पनि राज्यले अथवा समाजले बनाएका सामाजिक भवनहरु त्यो राज्यको सम्पत्ति हुन् र राज्यको सम्पत्तिमा सबै जनताको उत्तिकै अधिकार हुन्छ, बाँकी कुरा अरु तपाईहरु सल्लाह गरेर गर्नोस् भनेर उहाँहरुलाई सुझाव दिएको कुरा पनि म यहाँ स्पष्ट पार्न चाहन्छु र त्यस पछाडि त्यहाँको साथीहरु सबै लाग्नुभयो र, यहाँहरुलाई के प्रष्ट पार्न चाहन्छु भने जुन टोलमा वास्तवमा यो विषयहरु आएको थियो, त्यसलाई चण्डिका टोल भनिन्छ ।

जुन ठाउँमा म जन्मेको पनि थिएँ, र मेरा आफ्ना छिमेकीहरु करिब-करिब २० वर्ष अगाडिको कुरा गर्दा ४२ घर, अहिलेको कुरा गर्दा ६९ घर गन्धर्व समुदायको छ । ३ घर बि.कहरुको छ र त्यो सबै समुदाय गन्धर्व समुदायको कुरा गर्ने हो भने त

स्वभाविम म मेयर भएको अवस्थामा सबै गन्धर्व समुदायलाई एक घर एक रोजगार र एक घरलाई एक रोपनी जग्गाको व्यवस्था म स्वयं आफैले गरेको थिएँ । ३ घर बि.कको कुरा गर्ने हो भने तिनै घर बिकका व्यक्तिहरुलाई वास्तवमा २ घरको एक एक जना सदस्यलाई रोजगारीमा लगाउने अवसर मैले पाएको थिएँ ।

मोहन सुनारजीको कुरा गर्ने हो मेरो सानैदेखिको साथी अहिले पनि हामी साथी छौं । उहाँलाई राजनीतिक आर्थिक रुपमा अगाडि बढाउन स्वभाविक मेरो पनि एक खालको महत्वपूर्ण भूमिका छ । उहाँ जिल्ला कमिटीको सदस्य । म आफू जिल्लाको अध्यक्ष। स्वयं मोहन सुनारजीको छोरीलाई, उहाँले सिएमए गरिसकेपछि जागिरको व्यवस्थामा लगाउने त्यो मौका पनि मैले पाएको थिएँ । उहाँको छोरालाई एक खालको तालिममा पठाएर उहाँको जीवनस्तरोन्ति गर्ने काममा त्यो सहयोग गर्ने मौका पनि मैले पाएको थिएँ । मेरो अहिले पनि सम्बन्ध एकदम सुमधुर छ ।

म स्पष्ट पार्न चाहन्छु र, जुन विशेष साथीहरुले यहाँ उठाउनुभएको छ, म उहाँहरुलाई चुनौतीका साथ के भन्न चाहन्छु भने आदरणीय मित्रहरु, सम्मानित सभासदज्यूहरु त्यो ठाउँमा गएर मैले अघि नै भनिसके, अहिले ६९ परिवार गन्धर्व परिवार, ३ परिवार बिक परिवार, र अरु बाँकी क्षेत्री समुदायको बाहुल्यता छ ।

तपाईहरु त्यहाँ गएर प्लिज अहिले पनि सोध्नोस्, कृष्ण थापा राजनीतिमा लागेदेखि अहिलेसम्म त्यो समुदायलाई त तिमीको त कुरै छाड्नोस्, आजको मितिसम्म पनि मैले सबैलाई एउटा सम्मानित पूर्वक तपाई भनेर सम्बोधन गर्छु । मैले कहिल्यै तँ भनेको छैन । तिमी भनेको छैन । शब्दको अर्थले पनि उहाँहरुलाई कहिल्यै पनि वास्तवमा त्यो विभेद गर्ने काम गरेको छैन । तपाईहरु गएर सोध्नोस् । हरेक घरको व्यक्तिहरुलाई सोध्नोस् ।

यदि कुनै पनि नागरिकले कृष्ण थापाले विभेद गर्यो, कृष्ण थापाले अन्याय अत्याचार गरेको सप्रमाण ल्याउनुहुन्छ भने सभासद् त के म आफ्नो राजनीतिक क्यारियरबाट सन्यास लिन चाहन्छु । चुनौती दिन चाहन्छु ।

तसर्थ संविधानमा एउटा व्यवस्था छ, तर हामी सभासद भएको भइम् भन्दैमा हाम्ले सबै कुरा यो सदनमा उठाउन मिल्छ कि मिल्दैन ? सभामुख महोदय र अर्को विषय संविधानको धारा १०५ ले प्रष्ट व्यवस्था गरेको छ । हाम्ले अदालतमा यहाँ कुरा

उठाउने अधिकार छैन तर सभामुखज्यूको आँखै अगाडि हामी सबैको आँखै अगाडि त्यो कुराहरु उठिरहेका छन् । मलाई लाग्छ यसले हाम्रो सम्मानित सभाको जुन गरिमालाई जुन गौरवलाई एकखालको अगाडि बढाउन के कस्तो भूमिका खेल्छ ? हामी सबैले त्यो बारेमा सोध्नु हुन पनि म हार्दिक अनुरोध र अपील गर्न चाहन्छु ।

जहाँसम्म म एउटा कम्युनिष्ट पार्टीको नेता तथा कार्यकर्ता भएको हैशियतले यो सम्मानित सभाको निर्वाचित सदस्यको हैशियतले । निर्वाचित सदस्य पनि गण्डकी प्रदेशको भएको निर्वाचनमा यो गण्डकी प्रदेशको एउटा म्यान अफ द इलेक्सन एउटा चाहि बास्तबमा सबैभन्दा अत्याधिक मत यो उपस्थित सबै सभासदज्यूहरु उत्तिकै सम्मानित हुनुहुन्छ , तर मलाई वास्तवमा जनताले दिएको विश्वासप्रति मलाई गर्व छ। यो प्रदेशको सबैभन्दा बढी मतको अन्तरले जित्ने एउटा सभासद हुने शौभाग्य आफूले पाएको हुँदा कहिले पनि यस्ता घटनाहरु यस्ता आक्षेपबाट आफू विचलित नहुने र सधै सधै कम्युनिष्ट पार्टीको आदर्श अनुसार सिद्धान्त अनुसार समाजका रहेका सबै विभेदहरुको अन्त्य गर्न अझै छुवाछुत जस्तो घिनलाग्दो त्यो विषयमा त हाम्रो कुनै संलग्नता हामी पार्टीमा लागेदेखि नै भएको छैन । अहिलेसम्म पनि भएको छैन र बाँकी जीवनमा पनि कहिल्यै पनि नहुने त्यो प्रतिबद्धता म व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, तसर्थ त्यो घटनाको बारेमा यहाँ कुरो उठाएको हुँदा मैले अघि नै भनिसके, म बाध्यतावश बाध्यतावश यो बारेमा नबोल्ने भन्दाभन्दै पनि बाध्यतावश मैले बोल्नुपर्ने किनभने मेरो नामै उच्चारण गरेर एकखालको धेरै कुराहरु यहाँ आएको हुनाले त्यो बारेमा मैले स्पष्ट पार्न मात्रै चाहेको हो । माननीय सभामुखज्यूलाई म यो हार्दिक अनुरोध गर्न चाहि चाहन्छु ।

माननीय सभामुख महोदय, अहिले भर्खरै १३ दिन अगाडि त्यही ठाउँमा बलबहादुर नेपाली एकजनाको मृत्यु भयो। अस्ति १० औ दिनमा उहाँको उम्किने दिन थियो अस्ति २ दिन अगाडिमात्रै हाम्रो त्यहाँको साथीहरुको पार्टीको अनुरोधमा समाजका अगुवाहरुको अनुरोधमा म त्यो ठाउँमा पुगेर ल यहाँ यस्तो यस्तो छ, उहाँको एउटा कोठा बनाउनुपर्‍यो साह्रै समस्या भयो भनेर अनुरोध गर्दा साढे २ बण्डल जस्तापाता लगायत सहयोग गरेर करिब करिब ३५ हजार बराबरको सहयोग गर्ने त्यो मौका पनि मैले पाएको थिएँ ।

मैले यहाँ भन्नमात्रै के खोजेको छु भने यस्ता  घटनाहरुले हामीप्रति जुन एकखालको गलत आक्षेप लगाइएको छ, सुनियोजित एउटा राजनीतिक हत्या गर्ने षडयन्त्र गरिएको छ, योबाट कहिल्यै पनि विचलित नभइकन सधैं सधैं कम्युनिष्ट पार्टीको आदर्शअनुसार काममा लागिरहने र वास्तवमा हाम्रो समाजका सबै विभेदहरुको समूल नष्ट गरेर एउटा समाजवादको बाटोमा सुखी नेपाली समृद्ध निर्माण गर्ने जुन हाम्रो वास्तवमा ध्येय छ, हाम्रो प्रदेशको लक्ष्य छ त्यसप्रति सधै सधै अविचलित रुपमा अगाडि बढ्ने प्रतिबद्धता पनि म सम्मानित सभामा व्यक्त गर्न चाहन्छु । सभामुख महोदय । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री भागवत प्रकाश मल्ल (समय ४ मिनेट)

**माननीय भागवत प्रकाश मल्ल ।**

माननीय सभामुख महोदय,  स्याङ्जा जिल्ला चापाकोट नगरपालिका वडा नम्बर ८ क्वामी साविकको रत्नपुर गाविसमा २०५४ सालमा स्थापना भएको तत्कालीन रत्नपुर प्रहरी चौकी हालको इलाका प्रहरी कार्यालय चापाकोटको नाममा छ । उक्त कार्यालयलाई चापाकोट नगरपालिका वडा नम्बर ९ सुन्तलीटारमा राजनीति सुरु गरिएको छ ।

तर नगरपालिकाको भूगोल मिलेको क्वामीबाट  सुन्तलीटार पुग्न ५ मिनेट पनि लाग्दैछ। कार्यालय सार्ने भनेर कस्तो राजतीति सुरुआत गरिएको हो, विकास गरेर समृद्धि आउने हो कि कार्यालय सारेर समृद्ध आउने हो, बुझ्न सकिएन ।

माननीय सभामुख महोदय, स्थानीय पालिकाले प्रहरी कार्यालय साविकको स्थानमा राख्ने निर्णयसमेत गरेको छ । प्रहरी आउदैन भनेर स्थानीयले थालेको रिले अनसनका बारेमा सरकार मौन छ । त्यसैले यो रिले अनसनका बारेमा तत्काल सम्बोधन गर्न प्रदेश सरकार मार्फत म विनम्र अनुरोध गर्दछु ।

त्यस्तै, सभामुख महोदय, कोरोना भाइरस कोभिड १९ ले देश आक्रान्त बनेको बेलामा सोही विषयलाई लिएर केही समय पहिल्यै गण्डकी प्रदेशका माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यूले प्रदेशभित्रका सांसद, जिल्ला समन्वयका प्रमुख, प्रमुख जिल्ला अधिकारी र स्वास्थ्य प्रमुखसँग भिडियो कन्फ्रेरेन्स मिटिङ्ग गर्नुभएको थियो । उक्त भिडियो कन्फ्रेरेन्समा स्याङ्जाका प्रमुख जिल्ला अधिकारीले प्रदेशका  मान्य मुख्यमन्त्री

बाहेकले राखेको बाहेक कुनै पनि कार्यक्रममा मेरो सहभागिता हुँदैन भनेर माननीय सभामुख र माननीय उपसभामुखज्यूको मात्र होइन, यो प्रदेशकै अपमान गरेको छ । राज्यले परिकल्पना गरेको संघीयतालाई अटेर गर्ने प्रमुख जिल्ला अधिकारीको कार्यालय प्रदेश मातहत ल्याउन म विनम्र आग्रह गर्दछु । प्रदेश सरकारले नै प्रमुख जिल्ला अधिकारीलाई परिचालन गर्दा उपयुक्त देखिन्छ । त्यसतर्फ सरकारको गम्भीर ध्यान जाओस् भन्ने चाहन्छु ।

त्यस्तै वालिङ नगरपालिकाको स्थानीय तहमा यो कोभिड १९ कोरोना भाइरसको केयर किन्ने एउटा मेसिन किन्ने एउटा जुन त्यहाँबाट गर्नु भा रैछ, त्यहाँ अहिले मैले मेयर सावलाई भर्खर अस्ति मैले फोन गरें, २९ देखि ३३ लाखसम्म जम्मा यो पिसिआर टेस्ट गर्ने मेसिन पर्दो रैछ यो सरकारको एजेन्डा एजेण्टले कुनै पनि यहाँ एक करोडदेखि डेढ करोड लाग्छ भन्ने अनुमति नदिने, फोन नम्बर सम्पर्क नदिने, गरेर यो आलटाल गरेको कमसेकम यो नागरिकलाई बचाउने भन्दा तिर भन्दा पनि यसलाई धकेलेर मृत्युतिर लाने  एउटा  सरकार एजेण्ट को हो तुरुन्त त्यसको खोजी गरेर त्यसलाई कारबाही गर्न र प्रदेश सरकार मार्फत यो स्थानीय तह जुन अहिले कोभिड १९ लाई एउटा सुचारु गर्ने, नागरिकलाई एउटा स्वास्थ्य उपचार छिटो छरिता गराउनेमा यो पालिका लागेको छ।

यसमा  गम्भीर यो सरकारमार्फत सरकारले यसलाई गम्भीर रुपमा लिएर यसलाई अनुमति लिएर स्थानीय सबै पालिकामा पि.सि.आर किन्नलाई अनुमति दिन म विनम्र अनुरोध गर्दछु । धन्यवाद । जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य धनमाया लामा पोखरेल (समय ५ मिनेट)

**माननीय धनमाया लामा पोखरेल**

मानीय सभामुख महोदय,  आज मात्रै कोरोना भाइरस पोजेटिभ भएको ३८ जना मध्ये गण्डकी प्रदेशको ३८ जना मध्ये १० जना गोरखाको रहेको छ । जुन १ जना पालुङटार नगरपालिकाको र ९ जना गण्डकी गाउँपालिकाको रहेको छ र त्यो ९ जना क्वारेन्टाइनमा रहेको भारतबाट आएर क्वारेन्टाइनमा रहेको उहाँमा  पोजेटिभ देखिएको र एक जना  कारागारमा हिरासतमा रहेको बन्दी रहेको छ र उहाँहरुको

१० सै जनाको कोरोना भाइरस पोजेटिभ आएको छ र ती बिरामीहरु हालसम्म क कसको सम्पर्कमा रह्यो र समुदायमा कोरोना भाइरस फैलने सम्भावना उत्तिकै भएको कारणले गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई म हार्दिक अनुरोध गर्न चाहन्छु कि कन्टयाक्ट ट्रेसिङमा  तत्कालै अगाडि बढाओस् भन्ने मेरो माग रहेको छ र हाम्रो देश नै करिब २ महिना करिब साढे २ महिना देखि लकडाउनमा रहेको अवस्था छ ।

यसमा जनजीवन अत्यन्तै प्रभावित रहेको अवस्था छ । र, गोरखाको उत्तरी भेग धार्चे र चुननुब्री  गाउँपालिका जुन ठाउँमा  भोकमरिको समस्या आइपरेको छ र, त्यसलाई पनि तत्काल सम्बोधन गर्नको निम्ति म प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु । त्यस क्षेत्रमा उत्पादनको हिसाबले, खाद्यान्न उत्पादनको हिसाबले अत्यन्तै न्युन हुने र आम्दानीको श्रोत भनेको श्रम र वैदेशिक रोजगारी भको कारणले त्यहाँको जनता मारमा परेको छ र अझै लकडाउन लम्बिदै जाने र जनजीवन  अझै प्रभावित हुँदै जाने भएको कारणले त्यहाँ  तत्कालै राहत सामग्री पठाउन अथवा अन्य विकल्प खोज्न प्रदेश सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु र गोरखा जिल्लाकै गण्डकी पाउँपालिकामा जुन वडा नम्बर ३, ६ र ८ मा रहेको जुन चेपाङ बस्ती छ, त्यहाँ पनि लकडाउनको कारणले भोकमरि लागेको अवस्था छ ।

त्यहाँको मुख्य आयश्रोत भनेको कृषि, सानो सानो तरकारी खेती अथवा उत्पादन गरेर बजार लगेर आफ्नो जीविकोपार्जन गर्ने जुन चेपाङ बस्ती छ, त्यहाँको चेपाङ बस्तीमा यो लकडाउनको यो पुरै प्रभाव रहेको म जानकारी गराउन चाहन्छु । त्यस ठाउँमा हाम्रो कृषि मन्त्री जो त्यहाँबाट प्रतिनिधित्व गर्नुहुन्छ, र उहाँको म ध्यानाकर्षण गराउन चाहन्छु, किसानले उत्पादन गरेको जुन उत्पादनहरु उत्पादनले बजार नपाउँदा र आफ्नो एउटा विकल्पको रुपमा रहेको त्यो कृषिजन्य उपजलाई चाँही व्यवस्थापन गर्न नसक्दा भोकमरिले बन्ने वनमा उत्पादन हुने गिठा भ्याकुर खाएर जीविकोपार्जन गर्न बाध्य भएको र त्यसलाई बजारलाई व्यवस्थापन गरिदिन हाम्रो कृषिमन्त्रीज्यूलाई विशेषगरी ध्यानाकर्षण गराउन चाहन्छु । र, गोरखामा हिजो मात्रै वैदेशिक रोजगारी गुमाएर ९ जना  युवाहरु स्वदेश गोरखा फर्किएको छ र उहाँहरुलाई पनि छिटोभन्दा छिटो आफ्नो घर परिवारमा नलगिकन एउटा क्वारेन्टाइनमा राखेर र उहाँहरुको पिसिआर टेस्टलाई  छिटोभन्दा छिटो गरिओस् भन्ने पिसिआर टेस्टको माग गर्दै मेरो भनाइहरु यही अन्त्य गर्दछु । हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटा (समय ७ मिनेट)

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुखज्यू, आज हामी कोरोना भाइरस कोभिड १९ को विश्वव्यापी संन्त्रासको बीचमा छौं । हामी सबैलाई थाहा छ । गण्डकी प्रदेशको बागलुङ कोभिड १९ को सुरुआती अवस्थामा पनि एउटा इपिसेन्टरको रुपमा कोभिड प्रवेश गरेको थियो । आज बागलुङ जिल्लाका विभिन्न गाउँपालिकाहरु निसीखोला गाउँपालिका ४ सय २०, तमान गाउँपालिका ११, ढोरपाटन नगरपालिका ३ सय १०, बडीगार्ड ३ सय ४०, गलकोट १ सय, ताराखोला ६०, बागलुङ १ सय १, काठेखोला १ सय र जैमिनी ५ सय ५० र बरेङ ८१ गरेर १५ सय ६८ जना मान्छे भारत प्रवाशबाट आएका क्वारेन्टाइनमा छन् र २९ जना आज बागलुङको धौलागिरी हस्पिटलमा पिसीआर पोजेटिभले उपचार गराइरहनुभएको छ । र, मैले सर्वप्रथम सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु कि यी क्वारेन्टाईन आज १३ दिन, १४ दिन, १५ दिन भएको छ , वास्तवमा गण्डकी प्रदेशको यो हस्पिटलमा रहेको ल्याबको जामको कुरा गरिएको छ, अस्तिसम्म भिटिएमको अभावको कुरा गरिदैछ ।

चाहे ल्याबको जाम होस् या भिटीएम अभावको कारण होस्, १३ दिन १४ दिन हुँदा सम्म यसो हुँदासम्म क्वारेन्टाइनमा पिसिआर स्वाब लिने काम गरिएको छैन, जसका कारणले गाउँपालिकालाई यो क्वारेन्टाइनमा रहेका १५ सय ६८ जना मान्छेलाई ख्वाउने, राख्ने, व्यवस्थापन गर्ने सन्दर्भमा अत्यन्तै ठूलो समस्या पैदा भएको छ, यसकारण यो क्वारेन्टाइनको व्यवस्थापनको सन्दर्भमा, पिसिआर स्वाब लिने सन्दर्भमा गण्डकी प्रदेश सरकारको गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु ।

दोस्रो कुरा, वास्तवमा बागलुङ जिल्ला नक्साको हिसाबले पनि हामी मिनी नेपाल भन्ने गर्छौं, बागलुङ जिल्लाको सदरमुकामबाट १ सय ३ किलोमिटर दूर दराजमा बुर्तिबाङ रहेको छ, झण्डै झण्डै हजार मान्छे क्वारेन्टाइनमा छन्, निसीखोला, तमानखोला, बडिगार्ड र ढोरपाटन गरेर र आज बडीगार्डमा मात्रै १० जना पोजेटिभ आएको छ, बागलुङ हस्पिटल पूर्ण भरिएको छ । र, आजै यतिबेला बुर्तिबाङको प्राथमिक स्वास्थ्य केन्द्रमा निसीखोला, तमान खोला र ढोरपाटन तिन वटै गाउँपालिका, बडीगार्डसँग मिलेर त्यहाँ आइसोलेसन बनाउनका निम्ति उहाँहरु आफू पनि लगानी गर्न तयार हुदै

हुनुहुन्छ, र मैले पनि गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयमार्फत गण्डकी प्रदेशको सरकार मार्फत त्यो प्राथमिक स्वास्थ्य केन्द्रलाई मैले यो भन्दा पहिले पनि उठाएको छु, धौलागिरि हस्पिटललाई प्रादेशिक हस्पिटलको रुपमा विकास गरेर बागलुङको बुर्तिबाङलाई डिस्ट्रिक हस्पिटलको रुपमा विकास गर्ने र यो संकटको बेला त्यसलाई एउटा आइसोलेसनको केन्द्रको रुपमा कम्तीमा त्यो क्षेत्रका पिसिआर पोजेटिभ आएका बिरामीहरु उपचार गर्न सक्ने गरी म्यानपावर सहित दक्ष जनशक्तिसहित व्यवस्थापन गर्नका निम्ति हार्दिक अनुरोध गर्न चाहन्छु ।

दोस्रो कुरा, जिल्लाबाट निर्णय भएको छ, गलकोटको प्राथमिक स्वास्थ्य केन्द्र र यतिबेला धौलागिरी क्याम्पस बागलुङ हस्पिटलमा नअटेर धौलागिरि क्याम्पसमा आइसोलेसनका सेन्टर बनाउने भनेर निर्णय भएको छ, स्रोतको अभाव छ र मैले यही सभामार्फत ध्यानाकर्षण गर्न चाहन्छु । बुर्तिबाङ, बागलुङ र धौलागिरी क्याम्पसको त्यो आइसोलेसन केन्द्र निर्माणका निम्ति आर्थिक सहयोग उपलब्ध गराइदिन म हार्दिक अनुरोध गर्दछु ।

अर्को विषय म जोड्न चाहन्छु, वास्तवमा बागलुङ साविक धौलागिरीको एउटा केन्द्र रहेको हिसाबले अहिले पनि त्यहाँ म्यानपावर छ, ८-९ जनाभन्दा वेसी ल्याबमा म्यानपावर छ, त्यहाँको डाक्टर सावहरु भन्दै हुनुहुन्छ, हामीलाई पिसिआर मेसिन चाहियो, हामी यहाँ टेस्ट गर्न सक्छौं भनिरहनुभएको छ, यहाँ हस्पिटलमा ८ हजारभन्दा बेसीको संख्यामा जहा पाचँ दिन सात दिनका दिन रिपोर्ट नआउने स्थिति छ।

त्यसकारण म ध्यानाकर्षण गर्न चाहन्छु, बागलुङ हस्पिटलमा धौलागिरि अस्पतालमा पिसिआर मेसिन खरिद गरेर एउटा माइक्रोबायोलिजीमार्फत त्यहाँ दिन सकियो भने हामी धौलागिरीको स्वाब परिक्षण त्यही गर्न सक्छौ, यतिबेला धौलागिरी हस्पीटलमा त्यो सेवा सुविधा उपलब्ध गराउन समेत हार्दिक अनुरोध गर्दै भिटिएम जस्ता सामग्रीको अभावको कारणले १३ दिन १४ दिन १५ दिन सम्म क्वारेनटाइनमा रहने अवस्थाको अन्त्य होस् । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ललितकला गुरुङ (समय ४ मिनेट)

**माननीय ललितकला गुरुङ**
माननीय सभामुख महोदय, यो वर्ष गत वर्षहरुभन्दा अलिक छिटो नै पानी परिरहेको र वर्षा लागको सबैलाई अवगत नै छ । त्यो समय खेतीपातीको चटारो, भ्याइनभ्याइ भएको बेला, एकातिर छ भने बाढीपहिरो, खोलानाला बढेर ल्याउने खतरा अर्कोतिर छ। झन् यो पछिल्लो समयमा विकास सगैं भित्रिएको विनासको बिगबिगीले पनि त्यत्तिकै तर्साएको छ ।

सभामुख महोदय, कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नम्बर ५ र पर्वतको मोदी गाउँपालिका वडा नम्बर १ नयाँपुलको बीचमा पर्ने मोदीखोलामा गत वर्षदेखि निर्माणको क्रममा रहेको केन्द्रीय योजनाको मोटरेबल पुल, यो लकडाउन बन्दाबन्दीको कारण काम रोकिएर अलपत्र अवस्थामा छ । वर्षाले हेपेको छ र खोला बढेर थुनिने स्थितिमा रहेको छ । यसले गर्दा थुप्रै दुवै साइडमा रहेका घर, बस्तीहरु खतराको संन्त्रासमा छन् र बस्ती जतिबेला पनि बगाउन सक्ने र ठेकेदारदेखि सम्बन्धित निकायले बेवास्ता गरेको कारण उक्त खोलामा थुपारिएको गिट्टी बालुवालाई साइड लगाई खोला बहावमा सहयोग पुर्याई बस्ती संरक्षणको निम्ति काम तुरुन्त गरी आफ्नो परिणाम सहितको उत्तर सम्बन्धित निकायले लिने गरी निर्देशन गर्न म सम्बन्धित सभामुखमार्फत प्रदेश सरकारको सम्बन्धित मन्त्रीज्यूको ध्यान आकृष्ट गर्न चाहन्छु ।

त्यस्तै, कोरोना भाइरसका कारण पर्वतमा संक्रमित नौ जना सहितको गण्डकी प्रदेशको १ सय ५४ जनाको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै दिनानुदिन भित्रिने गरेका सम्पूर्णको स्वाव टेस्ट, अनि क्वारेन्टाइनको व्यवस्था शीघ्र गरियोस् साथै क्वारेन्टाइनमा रहेको खानेपानी, ट्वाइलेटको समस्या खानाको समस्यालाई व्यवस्थित पार्नको लागि सभामुख महोदयमार्फत प्रदेश सरकार र सम्बन्धित मन्त्रीज्यूको समेत ध्यान आकृष्ट गर्न चाहन्छु ।

सभामुख महोदय, यो कोरोना भाइरसका कारण हाम्रा दाजुभाइहरु विदेशमा रहनु भएको र उहाँहरु आउन खोज्दा खोज्दै पनि कही अन्यौलको अवस्थामा रहनुभएको छ र कतिजना फर्किएर कति काठमाडौंमा आउनुभएको छ, र इण्डियामा रहनुभएका आउनु भएका रहनु भएका बोर्डर साइडमा हुनुहुन्छ र त्यहाँबाट पनि यहाँ आफन्तलाई कन्टयाट गरेर आउन खोज्दा उहाँहरुको आफन्तले आफै व्यवस्था गर्न नसक्ने र आफन्तले पालिका सम्बन्धित पालिकामा प्रशासनमा कन्टयाट गर्दा पनि कुनै व्यवस्था

नभएको कारण म सभामुखमार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु कि सम्बन्धित निकायलाई यहाँ कडा भन्दा कडा निर्देशन गर्नको निम्ति म ध्यानआकृष्ट गर्न गर्दै म आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**
माननीय सदस्य श्री बिन्दुकुमार थापा (समय ४ मिनेट)

**माननीय बिन्दुकुमार थापा**
सभामुख महोदय, आज हामी लकडाउनको ७६ दिनमा प्रवेश गरेका छौं । यो बीचमा नेपालमा संक्रमितको संख्या ३२ सय ३७ पुगेको छ भने १३ जनाको मृत्यु भइसकेको अवस्था छ । गण्डकी प्रदेशमा पनि हिजो मात्रै ३८ जना थप समेत १ सय १३ जना संक्रमित हिजोको मितिसम्म भएको कुरा यहाँ सदनसमक्ष जानकारी गराउन चाहन्छु र कास्की जिल्ला अहिलेसम्म हामीले ग्रिन जोनमा छ , हामी अति कम जोखिम जिल्लामा पर्छौं भनेर गर्व गरेको अवस्थामा अस्तिको दिनबाट ४ जना संक्रमित कास्कीबाट पनि २ जना रुपा गाउँपालिका र २ जना र १ जना पोखरा ८ बाट र १ जना पोखरा २७ का व्यक्ति जो इण्डियाबाट आउनु भएको थियो ।

४ जना भेटिसकेको अवस्था छ र यल्ले गर्दा खेरी यो कास्की पनि अल्लि जोखिमपूर्ण जिल्लामा देखिराखेको छ । विशेष गरेर यो भारतको सिमानाबाट बिना चेकअप बिना चेक नेपाली दाजुभाइहरु यो पालिकाको जिम्मामा आइराखेको अवस्था र यो यहाँको क्वारेन्टाइन पनि डब्लु.एच.ओको मापदण्ड अनुसार नभइसकेको अवस्थामा र विशेष गरेर गण्डकी हस्पिटललाई कोरोना डेडिकेटेड हस्पिटल भनेर गण्डकी प्रदेश र संघीय सरकारले पनि घोषणा गरिसकेको अवस्था छ र यो आइसोलेनका कुराहरु भए, क्वारेन्टाइनको कुराहरु भए र यो संक्रमित व्यक्तिहरुलाई उपचार गर्नका लागि कोरोना विशेष अस्पताल जुन गण्डकी अस्पताल छ, यो कास्की जिल्ला एउटा गण्डकी प्रदेशको एउटा राजधानी पनि हो, यो पोखरा ।

राजधानीको जस्तो सुविधासम्पन्न एउटा अस्पताल बनाउनको लागि र विशेष गरेर कोरोना विशेष अस्पतालको लागि सुविधा सम्पन्न र श्रोत साधन सम्पन्न खालको हस्पिटल बनाउनुपर्ने अति आवश्यक देखिएको छ । त्यसकारण म सभामुखमार्फत

प्रदेश सरकार त्यसमा पनि विशेष गरेर सामाजिक विकास मन्त्रीको ध्यान आकृष्ट गर्न चाहन्छु ।

अस्ति ३ दिन अगाडि मात्रै जुन भेटिनुभयो एक जना आलुमाइला चोकमा संक्रमित व्यक्ति, उहाँ  भारतबाट आउनुभएको पनि हैन र यहाँको यहीको स्थानीय वकालत पेसा गर्ने मान्छे हुनुहुन्छ । उहाँमा संक्रमित हुनु भनेको समुदायमा प्रवेश गरिसकेको छ कास्कीमा भन्ने हो । त्यसकारण हामीले यो विषयमा अलि बढी नै चनाखो भएर गण्डकी हस्पिटलमा अहिले १० जनासम्मको मात्रै क्यापासिटी छ, यो कोरोना संक्रमित १० जनालाई मात्रै राख्न सक्ने अवस्था छ र, १० जनाभन्दा बढी भयो भने त्यसको छुट्टै अर्को मुख्यमन्त्रीज्यूले पनि ५० जना, ६० जनासम्मको क्यापासिटी अर्को हामीले स्टाण्डबाइ राखेका छौ भनिराखुभाको छ ।

कोरोनाको यो अलिकति अल्लि बढी नै फैलिएर गयो । महामारीकै रुपमा फैलियो भनेदेखि यो प्रदेशको राजधानी पनि भएकोले यहाँको हस्पिटललाई अत्याधुनिक सुविधा सम्पन्न कोरोना हस्पिटलको रुपमा विकास गर्नका लागि र यो स्वाब टेस्टको दायरा पनि अझ फराकिलो गर्नका लागि म सभामुखमार्फत सामाजिक विकास मन्त्रीको ध्यान आकृष्ट गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब म सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकका सम्बन्धमा मिति २०७७।२।२३ गतेको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय मन्त्री नरदेवी पुन मगर ।**

माननीय सभामुख महोदय, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको विधेयकको सन्दर्भमा गण्डकी प्रदेश सभामा माननीय सदस्यज्यूहरुले अत्यन्तै यसको छलफलमा यसका दफाबार छलफलमा अत्यन्तै सकारात्मक सुझावहरु व्यक्त गर्नु भाको छ । यसको लागि म माननीय सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहन्छु ।

हामी फरक-फरक आदर्शमा आवद्ध छौं । त्यसो भाको हुनाले हामी फरक पार्टीबाट यो प्रदेश सभामा प्रतिनिधित्व गर्दैछौं । त्यति हुँदा हुँदै पनि हाम्रो साझा उद्देश्य गण्डकी प्रदेशको गरिबीको न्युनीकरण गर्दै गण्डकी प्रदेशलाई आर्थिक रुपमा समृद्ध बनाउने हाम्रो साझा उद्देश्य छ ।

त्यसैले यो साझा उद्देश्य पूरा गर्नको निम्ति अहिले हाम्रो अगाडि केही चुनौतीहरु छन् र यो चुनौतीहरुलाई परास्त गर्नको निम्ति पनि हामी यो विधेयक अगाडि ल्याको कुरा म जाहेर गर्न चाहन्छु । अहिले गण्डकी प्रदेशमा ८६ हजार घरपरिवार गरिबीको रेखामुनि छन् । करिब ९ प्रतिशत नागरिकहरु पूर्णरुपमा बेरोजगार छन् र, अन्तर्राष्ट्रिय श्रमबजारमा गण्डकी प्रदेशबाट अनुमानित साढे ४ लाख नागरिकहरु अन्तर्राष्ट्रिय बजारमा छन् ।

स्वदेश भित्र पनि कोभिड नाइन, कोभिड १९ को कारणले पनि बेरोजगारीको संख्या बढेको छ । हाम्रो विद्यालयको क्षेत्रभित्र १५ वर्षदेखि १८ वर्षसम्मका उमेर समूहका हाम्रो बालबच्चाहरु विद्यालयको क्षेत्रभन्दा बाहिर छन् सँगै गण्डकी प्रदेशको उच्च शिक्षामा ७० प्रतिशत नागरिक साधारणतिर छन् भने ३० प्रतिशत नागरिक प्राविधिक शिक्षातिर छन् ।

त्यसो भए यो सिटिइभिटीले के काम गरेको छ त भन्ने यहाँहरुलाई लाग्न सक्छ । अहिले सिटीइभिटीले आफ्ना कलेजहरुबाट जनशक्ति उत्पादन गरेको छ तर बजारको आवश्यकता अनुसारको जनशक्ति भएन, उसँग धेरै पुरानो पाठ्यक्रम छ । त्यसो भाको कारणले गर्दाखेरी सि.टिइ.भि.टीबाट उत्पादित जनशक्तिले बजार पाको छैन। बजारमा सरकार र निजी क्षेत्रले आफ्नो आवश्यकता अनुसारको जनशक्ति पाएको छैन। त्यसो भाको कारणले गर्दा खेरी गण्डकी प्रदेश सरकारले गण्डकीको गरिबी न्यूनीकरण गर्नको निम्ति गण्डकी प्रदेशलाई आर्थिक रुपमा समृद्ध बनाउनको लागि प्राविधिक प्रतिष्ठानको जरुरी आवश्यकता महसुस गर्यो। सोही अनुसार यो विधेयक सदनमा आको छ ।

हामीले यो प्राविधिक प्रतिष्ठानलाई बजारको आवश्यकता, बजारको माग अनुसारको पाठ्यक्रम तयार गरीकन सोही अनुसार जनशक्ति उत्पादन गर्ने छौं । जुन जनशक्तिले गण्डकी प्रदेशको गरिबीलाई न्यूनीकरण गर्नेछ, स्वदेशभित्र बस्नेले आफ्नो उत्पादनमा जोडिने छन् । स्किल प्राप्त जनशक्ति विदेशमा गएर पनि अदक्ष जन श्रमिकले प्राप्त गर्ने

पारिश्रमिक भन्दा तीन गुणा प्राप्त पारिश्रमिक प्राप्त गर्नेछन् । त्यसैले यो प्राविधिक प्रतिष्ठानको महत्व बुझीकन माननीय सदस्यज्यूहरले सकारात्मक विचार दिनुभाको छ, म धन्यवाद दिन चाहन्छु र केही कुराहरु माननीय सदस्यज्यूहरुले उठाउनुभाको छ, जिज्ञासा उठाउनुभाको छ, जुन जिज्ञासा म राख्न चाहन्छु ।

पहिलो जिज्ञासा, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको यो विधेयकमा संरक्षकको रुपमा गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नै किन राखियो ? यसमा सम्बन्धित मन्त्रालयको मन्त्री हुनु हुँदैनन्थ्यो भन्ने प्रश्न छ ।

यति महत्वपूर्ण विषय, जसले गण्डकी प्रदेशको गरिबीलाई न्युनीकरण गर्ने, गण्डकी प्रदेशको हरेक नागरिकलाई सीपयुक्त बनाएर उद्यममा जोड्ने महत्वपूर्ण विषय चाहे हिजो अस्तिको दफाबार छलफलमा उठेको छ । त्यसैले यस्तो सबैभन्दा महत्वपूर्ण विषयलाई गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको अभिभावकत्व जरुरी हामीले महसुस गऱ्यौं । त्यसैले संरक्षकत्वमा मुख्यमन्त्रीज्यूलाई राखेको कुरा म जाहेर गर्न चाहेँ । दोस्रो कुरा सम्बन्धित मन्त्रालयको मन्त्री किन नराखिएको भन्ने प्रश्न थियो । यसमा तालिम सभाको अध्यक्षमा सम्बन्धित मन्त्रालयको मन्त्री भाको हुनाले दोहोरो जिम्मेवारीमा बस्न उपयुक्त नभाको कुरा म जानकारी गराउन चाहेँ ।

संरक्षकले मनोनीत गर्नेहरुलाई कसरी मनोनीत गर्छ, यसको मापदण्ड के छ र ? भन्ने थियो । यसको नियमावली बनाएर यसको व्यवस्थापन गर्ने कुरा म जाहेर गर्न चाहेँ। तेस्रो कुरा हामीले गण्डकी प्राविधिक प्रतिष्ठानलाई हाम्रो यो प्रतिष्ठानलाई आर्थिक रुपले प्राविधिक रुपले भौतिक रुपले सहयोग गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरुबाट २ जना मनोनीत गरिनेछ भन्ने विषय यहाँ राखिएको छ ।

यसमा नागरिकता चाहिन्छ कि चाहिन्न भन्ने प्रश्न उठेको थियो। हामीले अन्तर्राष्ट्रिय व्यक्ति भन्दाजुन देखेका छौं यसमा गैरआवासीय नागरिकहरुलाई हामीले इँगित गरेका छौं ।हामीले गण्डकी विश्वविद्यालयमा पनि जीत जोशी जस्ता गैरआवासीय नागरिकहरुलाई हामीले आबद्ध गरेका छौं । त्यसैले यस्ता खालका क्षमता भएका गैरआवासीय नागरिकहरुलाई हामीले यो तालिम यो सभामा सम्मिलित गर्ने कुरा म जाहेर गर्न चाहे। तेस्रो कुरा, उद्योग वाणिज्य संघको प्रदेशको अध्यक्ष वा निजले तोकेको व्यक्ति भन्ने कुरा छ । यसमा योग्यता चाहिन्छ कि दैन भन्ने कुरा छ । यो

किन राखियो ? भन्ने कुरा पनि छ । हामीले उत्पादन गरेको जनशक्ति स्वदेश बजारसँग जोड्न चाहिन्छौ। सर्टिफिकेट प्राप्त गरेर बजारभरि भौतारिने जनशक्ति हामीले चाहेका छैनौ ।

त्यसैले यो कस्तो खालको बजार कस्तो खालको जनशक्तिको जरुरी छ, यसको लिंकेज गर्नको निम्ति पनि हामीले यो सभामा उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको व्यक्ति भनेर राखेका छौं। त्यसैले म यही कुरा जाहेर गर्दै माननीय सदस्यहरुले जुन खालको सुझाव दिनुभएको छ । आगामी दिनमा यसलाई आत्मसात गर्ने प्रतिबद्धता व्यक्त गर्दै माननीय सभामुखमार्फत यो विधेयक पारित गर्ने सवालमा सबै माननीय सदस्यज्यूहरुको सर्वसम्मत् सहमति हुनेछ, भन्ने कुरा विश्वास गर्दै मैले आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यही समाप्त हुन्छ । अब म गण्डकी प्राविधिक तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना तथा संचालन गर्न बनेको विधेयकको सम्बन्धमा गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकको दफा १ देखि ९ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यज्यूहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस्। हुन्छ भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १, क्रम संख्या १ देखि ९ सम्म उल्लेखित संशोधन बहुमतले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ९ सम्म उल्लेखित संशोधन गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको

विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यज्यूहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ९ सम्म उल्लेखित संशोधन गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेयकको दफा १ देखि २८ सम्म गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको दफा १ देखि २८ सम्म बहुमतले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु । प्रस्तावना गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणिकरण गर्ने सम्ब गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरुप मानव संशोधन विकास गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम

१. संक्षिप्त नाम र प्रारम्भ

१. यो ऐनको नाम गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्ताव र नाम गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस्।

हुन्छ भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको प्रस्ताव र नाम बहुमतले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय नरदेवी पुन मगर**

सम्माननीय सभामुख महोदय, माननीय सभामुख ज्यूको अनुमति लिई सम्मानित सभामा मिति २०७६ साल माघ ८ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलको लागि पठाइएको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक समितिबाट प्रतिवेदन सहित प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक बहुमतले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म माननीय उद्योग, पर्यटन, वन

तथा वातावरण मन्त्री श्री विकास लम्साललाई विधायन समितिको प्रतिवेदन सहित गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री विकास लम्साल ।**

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले मिति २०७६ साल माघ ७ गते बसेको सम्मानित सभाको बैठकमा प्रस्तुत भई मिति २०७६ साल माघ १२ गते दफाबार छलफलको लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक समितिबाट प्रतिवेदन सहित प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ को १ बमोजिम समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब विधायन समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक माथिको दफाबार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय दीपक कोइराला ।**

माननीय सभामुख, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र संचालन गर्न बनेको विधेयकमाथि त हामी दफाबार छलफलमा छौं । यो विधेयकको बारेमा

सैद्धान्तिक छलफलको बेला पनि सहभागिता जनाएको थिएँ र विज्ञान र प्रविधि प्रतिष्ठानको स्थापना गर्नुपर्ने आजको आवश्यकताको बारेमा धेरै नै चर्चा छ । यसको सैद्धान्तिक रुपमा धेरै छलफल भइसकेको र विधायन समितिले समेत यसको प्रतिवेदन राखिसकेको सन्दर्भमा हामी यो दफाबार छलफलमा छौं । खास गरीकन विज्ञान र प्रविधि यी २ वटा कुराहरु यसमा जोडिएर आएको छ । विज्ञान, स्वभाविक रुपले यसको बारेमा व्याख्या गरिरहनु पर्छ जस्तो मलाई लाग्दैन ।

आजको युग वैज्ञानिक युग भनेर भन्छौ । हरेक कुराहरु अगाडि बढाउन विज्ञान महत्वपूर्ण हुन्छ र प्रविधि त्यसमा विज्ञान र प्रविधिलाई सँगसँगै जोडेर जान सक्यो भने आज जति पनि राष्ट्रहरु, जति पनि देशहरु विकासका गति समातिरहेका छन् ती सबैलाई हेर्यो भने त्यहाँ विज्ञान र प्रविधिको सही ढंगले सक्दा मात्र ती देशहरु अगाडि बढिरहेको हामी पाउँछौं । हाम्रो जस्तो विकासोन्मुख देशमा या विकासको गतिमा अगाडि बढ्न खोजिरहेको वा खोजिरहेको यो सन्दर्भमा हामीलाई आजको दिनमा विज्ञान र प्रविधिको क्षेत्र जुन क्षेत्र हामी लामो समय देखी जुन रुपले यसलाई अगाडि बढाउनुपर्दथ्यो, त्यो रुपमा अगाडि बढाउन नसकिरहेको सन्दर्भमा हाम्रो प्रदेश सरकारले गण्डकी प्रदेश गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्ने उद्देश्य राखेर जुन यो विधेयक आएको छ र यो विधेयकका हरेक दफाहरुले यो प्रतिष्ठानलाई व्यवस्थित बनाउन वैज्ञानिकहरु उत्पादन गर्न र हामीले प्रविधिसँग यसलाई जोडेर आजको सिंगो युग नै प्रविधिको युग हो भनेर हामी भनिरहेका छौं । प्रविधिबिना आज कोही मानव सभ्यता नै अगाडि बढ्न सक्दैन ।

एउटा आज प्रविधि यसरी जोडिएको कुरा हो, त्यसकारण यसमा विज्ञान जोडिनु जरुरी छ । त्यसकारण यो गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्नुपर्ने आजको परिहार्य आवश्यकता हो । यो आवश्यकतालाई मध्यनजर गरेर मन्त्रालयले यो विधेयक जसरी यो सदनमा ल्याएको छ र यो बारेमा हामीले प्रशस्त छलफल पनि गरिसक्या छौं र आज हामीले दफाबार छलफलमा छौ । यसका सबै दफाहरु सबै जे दफाहरु राखिएका छन्, प्रतिष्ठानको स्थापना देखि उद्देश्य उद्देश्य हुँदै यसका सबै गतिविधिहरु संचालन गर्न कार्यकारी परिषद् निर्माण गर्न या यसको बैठकको सन्दर्भमा या कर्मचारीको व्यवस्थाको सन्दर्भमा अनुसन्धान गर्ने कुरादेखि लिएर हरेक कुरा जसरी यसमा एउटा लिपिबद्ध रुपमा जसरी प्रस्तुत गरिएका छन्, मलाई लाग्छ यी सबै कुराहरुले यी सबै कुराहरुले यसमा व्यवस्था गरिएका सबै

विषयहरुले गण्डकी प्रदेश सरकारले जसरी विज्ञान र प्रविधिको क्षेत्रमा आफूलाई अगाडि बढाउन या यो प्रदेशलाई एउटा समृद्ध प्रदेशको रुपमा अगाडि बढाउने जुन उद्देश्य राखेको छ, त्यसलाई विज्ञान र प्रविधि पनि जोडेर मात्रै सम्भव छ भन्ने उद्देश्यका साथ जसरी यो विधेयक आएको छ, यसका दफाहरु त्यही रुपमा आएका छन्, वैज्ञानिक रुपमा आएका छन् ।

यो उद्देश्यलाई पूरा गर्न या यो प्रदेशको समृद्धिलाई हासिल गर्नको लागि यी सबै दफाहरुले वा गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान जे उद्देश्य राखेर विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धानात्मक क्रियाकलाप वा प्रवर्द्धन तथा गर्नको लागि उपयुक्त वातावरण सिर्जना गरी वैज्ञानिक तथा प्राविधिकहरुको सीप र ज्ञानको अभिवृद्धि तथा उच्चत्तम उपयोग गर्दै प्रदेश विकास गर्ने प्रदेशको विकास गर्ने सक्षम सवल र नेतृत्वदायी संस्थाको रुपमा यसलाई अगाडि बढाउने भनी जुन उद्देश्यका साथ यी आएका छन्, यी सबै दफाहरुले त्यो कुराहरुलाई पूरा गर्नको लागि महत्वपूर्ण योगदान गर्दछ भन्ने ठान्दछु । म यसमा समर्थन गर्दै म आफ्नो भनाइ यही अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सरिता गुरुङ** ।

माननीय सभामुखज्यू, विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान क्रियाकलाप गर्नको लागि उपयुक्त वातावरण सिर्जना गरी विज्ञान तथा प्रविधिको सीप ज्ञान र क्षमता र अभिवृद्धि तथा उच्चत्तम उपयोग गर्दै प्रदेश गण्डकी प्रदेश विकास विकास नेतृत्वमा एउटा संस्था स्थापना गर्न र संचालन गर्न बनेको विधेयक २०७६ को ७६ को विधेयक विधेयक परिषद् परिच्छेद १ देखि ८ सम्म दफा १ देखि २४ सम्म सरसर्ती अध्ययन गरियो ।

माननीय सभामुखज्यू, माननीय सभामुखज्यू, २१ औं शताब्दीको युग भनेको विज्ञान प्रविधिको युग हो । आज जति पनि शक्तिशाली राष्ट्रहरु छन् ति सबै विज्ञान र प्रविधि चमत्कारले गर्दा नै प्रभावशाली र शक्तिशाली भएको भन्ने विषयमा हामी कसैलाई दुईमत छैन ।

माननीय सभामुखज्यू, विज्ञान तथा प्रविधि प्रतिष्ठान विधेयकले नयाँ विषयहरुको अनुसन्धान आविस्कार गर्नु र चाहे त्यो स्मार्ट सिटि बनाउदा होस् चाहे त्यो स्थानीय राई थाने परम्परा प्राकृतिक श्रोत विधि चाहे त्यो अनुसन्धान आविस्कार गर्दै दिगो र निरन्तरता दिनको लागि गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको आवश्यकता रहन्छ भन्ने बुझेको छु । म आफूले बुझेको छु ।

प्रविधि हस्तान्तरण सानोदेखि ठूलोसम्म हुन्छ । जस्तै टुकी बत्तीको सट्टा सोलार प्यानल, हाते ट्याक्टर र मेसिनहरु हुन्छन् भने प्राकृतिक श्रोतहरुलाई यसलाई संरक्षणको लागि नवलपुरको नवलपुर धौवादीको फलाम खाने, तातोपानी कुण्ड, तातोपानी कुण्ड, जडिबुटी र ढुंगाखानीहरु प्रशस्त छन् । यीनीहरुलाई  एउटा प्राकृतिक श्रोतलाई संरक्षण गर्नको लागि बनेको भन्ने विधेयकलाई म आफूले बुझेको छु । त्यसैगरी अब प्राकृतिक श्रोतहरुमा यो विण्ड पावर हावाबाट पनि हामीले बत्तीहरु बाल्न सकिन्छ । त्यसैगरी प्रविधि स्थानीय प्रविधि हस्तान्तरण गर्दा खेरी माटो परम्परागत चुलोबाट सुधारिएको चुलोरहरु पनि हुने गर्दछ भन्ने मैले यो विधेयकमा सरसर्ती हेर्दा बुझेको छ। र, यसैगरी भन्ने बताउँछ । बताउँछ ।

माननीय सभामुखज्यू, यो विधेयकमा गण्डकी प्रदेश विज्ञान तथा प्रविधिमैत्री बनाउन खोजिएको छ भन्ने बुझिन्छ । हाल विश्व मानवजगत कोभिड-१९ को महामारीमा परिराखेको अवस्था छ । विद्यालयहरु ठप्प बन्दछन् । विद्यार्थीहरुको पढाइ बन्द भइराखेको छ । सिमित विद्यार्थीहरुले मात्र प्रविधिको सहयोग र नजिकमा भएकाले अनलाइन प्रणालीको माध्यमबाट अध्ययन गरिराखेका छन् तर धेरै विद्यार्थीहरु प्रविधिको पहुँचमा पुग्न सकिराखेको छैन । र, तत्काल पुगिराखेको छैन । त्यस्तै पुगिराखेको छैन । तत्काल विद्यार्थीहरुको भविष्यलाई ध्यानमा राख्दै राख्दै गण्डकी प्रदेश सरकारले दुर्गम क्षेत्रमा रहेका विद्यालयहरुमा इन्टरनेट इमेलको सुविधा पुऱ्याई निःशुल्क व्यवस्था गर्नुपर्ने सरकारलाई अनुरोध गर्दछु ।

माननीय सभामुखज्यू, विज्ञानमा विज्ञान तथा प्रविधिको आविस्कार अनुसन्धान र स्थानीय वैज्ञानिकहरुलाई प्रोत्साहन गर्न भनिएको छ । त्यसमा खुलाएको छ र त्यसको स्थानीय वैज्ञानिकहरुलाई परिचालन गर्दा नयाँ प्रविधिसँगै स्थानीय प्राकृतिक श्रोतहरुको संरक्षण गर्न प्रदेश सरकारलाई सहयोग सहयोग मिल्नेछ । मिल्नेछ भन्ने मेरो भनाइ छ । तनहुँको युवकले सोलर प्यानल सोलरको माध्यमबाट मोटरसाइकल चलाउने,

चलाइराखेको छ र अहिले कोभिड-१९ हुँदा दमौली तनहुँको जिल्ला अस्पतालमा स्प्रे सेनिटाइजर ३० देखि ३५ मिनेट सेकेण्डसम्म उभिए पछि त्यो आफै घुमेर ३५ मिनेट पुगिसकेपछि आफै बन्द हुने गर्दै आइराखेको छ । र पानी तान्ने मेसिन बनाइराखेको छ । र, यस्तो युवाहरुलाई परिचालन गर्दा उहाँहरुको प्रोत्साहन पनि हुने आत्मबल पनि बढ्ने र हामीलाई पनि त्यो ठाउँको खोजी  नीति एउटा स्थानीय श्रोतसाधनहरुको संरक्षण गर्न अझ बल पुग्ने, सजिलो हुने भन्ने म आफूले सोचेको छु।

त्यसैगरी यही २०७६ साल माघ १८ गते तनहुँको सामुदाय्ीक विद्यालय केरे क्याम्पस त्यो क्याम्पस  नेपालको ८ सय ५५ ओटामा फस्ट भाको यो आदिकवि भानुभक्त क्याम्पसले क्याम्पसको फोर्थ इयरको विद्यार्थीहरुले  तनहुँभित्र रहेका जति पनि विज्ञानका १२ कक्षा सम्मका विद्यार्थीहरुको एउटा विज्ञान प्रदर्शनी मेला गरेको थियो र त्यसमा मैले प्रमुख अतिथिको रुपमा उद्धाटन गर्ने अवसर मिलेको थियो ।

त्यतिखेर धेरै विद्यार्थी भाइबहिनीहरुले स्थानीय परम्परा देखि लिएर अहिले वैज्ञानिक टेक्नोलोजीलाई समावेश गरी प्रतियोगिता कार्यक्रम गरेको थियो । त्यसमा मलाई अचम्म लाग्यो, साँच्चै नै हामीले भाइबहिनीहरुलाई सानो बालबालिका सोचेका थियौ, तर यो एउटा वैज्ञानिक युग, एउटा आधुनिक युग, विज्ञानको युगमा पुगिसकेको रहेछ भन्ने म आपूले महसुस गरेर त्यस्ता खालका भाइबहिनीहरुलाई पनि प्रोत्साहन गर्नुपर्छ र एउटा युवा विज्ञान वैज्ञानिक बालबालिकाहरुलाई हामीले यो बुझेर अझै प्रतियोगिताहरुलाई अझ बलियो र दिगो र निरन्तरता गर्न सकिन्छ भन्ने मेरो भनाइ यहाँ राख्न चाहन्छु ।

र, माननीय सभामुखज्यू, परिच्छेद ३ को १७ (७) मा विज्ञान प्रविधि प्रतिष्ठान संचालन गर्नको लागि म सम्मानित मन्त्रालयको मन्त्रीज्यूको अध्यक्षतामा एउटा कार्यकारि परिषद् समिति गठन गर्ने भन्ने छ र त्यसमा  धेरै कुराहरु त समावेश गरिएको छ । तर त्यति हुँदाहुँदा पनि यसमा सेवा सुविधाको बारे कुराहरु आको छ । सेवासुविधा मन्त्रिमण्डलको बैठकले नै तोक्नेछ भनेको छ । हामीहरु कुनै पनि काम गर्दा अथवा आर्थिक मामलामा जब आर्थिक मामला पारदर्शिता हुन्छ, तब त्यसको सुन्दर पक्ष झल्किन्छ । त्यसैले यो यसको सेवासुविधा खुलाउँदा राम्रो हुने छ भन्ने पनि म यहाँ अनुरोध गर्दछु । सँगै यसमा महिला सहित ९ जनाको कार्यकारी परिषद् बन्ने भनेको छ । त्यसमा कुनै पनि यो बन्दा खेरी यसमा राजनीतिक दबाब नपरोस् ।

एउटा व्यवसायिक र एउटा विज्ञानको  विज्ञान सम्बन्धी एउटा ज्ञान भएको र एउटा प्राविधिक टेक्नोलाजीसित ज्ञान भएको परोस् भन्ने पनि म यहाँ अनुरोध गर्दछु । सँगै यहाँ त्यसमा ङ सम्म लेखिएको छ । त्यसमा के छ भन्ने पद रिक्त हुँदाको अवस्था भन्ने छ । त्यसमा धेरै कुराहरु ग देखि ङसम्म खुलाएको छ तर यो क्रम अहिले यहाँ के सुझाव दिन चाहें भने केरे यसमा फौजदारी मुद्दा नै नैतिक भएको र फौजदारी मुद्दा लागेकोलाई पनि यसमा समावेश गर्न नहुने भन्ने ङ को ङ सँग थपेर च राखिदिन हुन पनि यस गरिमामय सभामा माननीय सभामुखमार्फत प्रदेश सरकारलाई अनुरोध गर्दछु। धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मधु अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मधु अधिकारी गुरुङ**

माननीय सभामुख महोदय, माननीय उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूले २०७६ माघ ७ गते यस गरिमामय सदनमा विज्ञान तथा प्रविधि प्रतिष्ठान विधेयक प्रस्तुत गर्नु भएको र माघ १२ गते दफाबार छलफलका लागि प्रस्ताव समेत गर्नु भएको छ । आज यो सन्दर्भमा चीनको  चीनबाट फैलिएको यो विश्वभरि फैलिएको जो कोरोना छ । यो संक्रमणले आज गण्डकी प्रदेशमा पनि आक्रान्त पारेको छ र आजसम्म मृत्यु हुने जो दरहरु पनि वृद्धि भएर १३ जना गण्डकी प्रदेशमा १३ जनाको मृत्यु भइसकेको छ । यो सन्दर्भमा मृतकहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै संक्रमितहरुको स्वास्थ्य लाभको कामना गर्दछु र यो बेला हामी आफू पनि बचौं र अरुलाई पनि बचाऔ भन्ने अभियानमा एकताबद्ध हुने संकल्प गर्दछु ।

माननीय सभामुख महोदय, आज विज्ञान तथा प्रविधिको विषयमा छलफल गरिरहँदा उक्त विधेयकको प्रस्तावनामा नै स्पष्ट राखिएको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धानात्मक क्रियाकलाप प्रवर्द्धन गर्नका लागि उपयुक्त वातावरण सिर्जना गरी वैज्ञानिक तथा प्रविधिहरुको सिप र ज्ञानको अभिवृद्धि तथा उच्चत्तम प्रयोग गर्दै प्रदेशको विकास गर्न सक्षम सवल र नेतृत्वदायी संस्थाको स्थापना र संचालन गर्न आवश्यक रहेको कुरा उल्लेख गरिएको छ, तसर्थ उक्त विधेयकले यो प्रदेशको लागि उक्त विधेयक यो प्रदेशको लागि अत्यावश्यक छ भन्ने लागेको छ र म यसको समर्थन गर्दछु।

माननीय सभामुख महोदय, साँच्चै विज्ञानको शाब्दिक अर्थ विशिष्ट ज्ञान हो, यसले सत्यको खोजी गर्दछ । विज्ञानमा नयाँ नयाँ खोजको आविस्कार हुन्छ । यही शक्तिका कारण आज मानव जगतमा असंख्य प्रविधि आविस्कारहरु भएका छन् । प्रसिद्ध भौतिकशास्त्री एड्भान टेरोको भनाइ अनुसार आजको विज्ञान भनेको प्रविधि हो। तसर्थ पनि वैज्ञानिक संस्कार संस्कार र संस्कार र संस्कार अनुसन्धानमुखी शिक्षा प्राप्तिको पक्षै पनि दक्ष जनशक्ति उत्पादन हुन सक्नेछ, यति मात्र यतिमात्र होइन ।

सभामुख महोदय, आज र विज्ञान प्रविधिको कारण मानव समाजमा कल्पना गर्न नसकिने चमत्कार गरिदिएको छ । २१ औं शताब्दीको वैज्ञानिक युगमा बच्चा जन्माउनको निम्ति आमा चाहिदैन । टेस्टट्युवका भाँडाहरुले पनि बच्चा जन्मन सक्छ । एउटा बेवारिसे बच्चा जसको डिएनए परिक्षणबाट उसको परिचय हुन्छ । त्यतिमात्र होइन, आज एउटा व्यक्ति अन्धो छ, उसले दृष्टि पाउँछ , अपांग छ उसले शरीर पाउँछ । सिंगो शरीर अपांग छ, उले  सिटी स्क्यान, अल्ट्रा साउण्ड गर्योभने उसले उपचार पाउँछ। यस्ता जो प्रविधि र विज्ञानको खोजीद्धारा  भइराखेको छ । यसले गर्दा गण्डकी प्रदेशमा यस्ता अध्ययन अनुसन्धान खोजी र यसको निवारण गर्नको निम्ति यो विधेयकको आवश्यकता छ भन्ने लागेको छ । विज्ञान र प्रविधिका कारण आज मानिस कष्टकर जीवनबाट मुक्त भएर आरामदायी र विलासितातिर उन्मुख भइरहेको छ । एउटा स्वीच दबाउने बित्तिकै कोठा उज्यालो हुन्छ । सिठी तलमाथि गर्छ । चिसो र तातो हुन्छ । खाना पाक्छ ।

यो एउटा प्रविधिको कारणले हो । यस्तो खालको जो  विकास भइराखेको छ । यसले यस्ता खालका विकासले वास्तवमा गण्डकी प्रदेशका बेरोजगारी युवाहरुलाई सक्षम खालको  बनाउने छ भन्ने पनि यसले ल्याएको छ । विज्ञान र प्रविधिको सहायताले आज सिंगो संसार नै परिवार भएको छ । उद्योगमा परिवर्तन ल्याएको छ । अत्या आकास र पाताल अन्तरिक्षमा आवाज पुर्याउनेसक्ने सफल भएको छ । संचारको क्षेत्रले संसारका कुनै पनि ठाउँमा  आवाज पुर्याउनेसक्ने भएको छ । यसले उत्पादन क्षेत्रमा पनि वृद्धि गरेको छ ।

सभामुख महोदय,  प्रस्तावनाको सन्दर्भमा मैले माथि नै चर्चा गरिसकेको छु । यसको परिच्छेद १ देखि परिच्छेद ८ सम्म रहेको २४ वटा बुँदामा गण्डकी प्रदेशको विज्ञान तथा प्रविधिसम्बन्धी मसिनो गरी मेहनतका साथ व्याख्या गरेको छ । म सिंगो

टिमलाई धन्यवाद दिन चाहन्छु । बुँदा नम्बर १ मा संक्षिप्त नाम र यसको परिभाषा उल्लेख गरेको छ । यो प्रतिष्ठानको नाम परिभाषा र यले यसको काम कर्तव्य र अधिकारसम्म व्याख्या गरेको छ । यसले ४ वटा उद्देश्य राखेको छ । जसमा विज्ञान तथा प्रविधिको क्षेत्रमा ज्ञान सिप र दक्षताको क्षेत्रमा समूचित विकास गर्ने भनिएको छ। वैज्ञानिक संस्था र अनुसन्धानमुखी शिक्षा प्रदान गर्न सहयोग गर्छ भनिएको छ । विकास सेवा संवहाक प्रवाहसँग सम्बन्धित कार्य विज्ञान तथा प्रविधिसँग आबद्धता गराउने उद्देश्य राखेको छ ।

यसबाट पनि के बुझिन्छ भने हरेकको ज्ञान सिपको पहिचान गर्दै बेरोजगारीको न्युनीकरण गर्दै गण्डकी प्रदेश सरकारले भनेको सुखी समुन्नत र गरिबी रेखामुनिबाट माथि उठाउने र दक्ष जनशक्तिको विकास हुनेछ ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान विधेयकको परिच्छेद ३ मा कार्यकारी परिषद्को गठन गर्ने भनिएको छ । जसमा विज्ञान तथा प्रविधि क्षेत्रका विज्ञानमध्येबाट कम्तिमा १ जना महिला राख्ने भनिएको छ । यो वास्तवमा अर्थपूर्ण सहभागिता हो भन्ने पनि चाहन्छु ।

परिच्छेद ४ मा कर्मचारी सम्बन्धी व्यवस्था भनेको छ । यसले लोक सेवा आयोगको सिफारिसमा स्वीकृत दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति गर्ने भनेको छ । यो पारदर्शी ढंगले आएको बुझिन्छ ।

परिच्छेद ५ मा अनुसन्धान इकाइ भनिएको छ, जसमा प्रतिष्ठान विज्ञान तथा प्रविधि विषयमा अनुसन्धान गर्नका लागि आवश्यक इकाइ स्थापना गर्ने सम्म भनिएको छ । यसले गण्डकी प्रदेशका सबै जिल्लाहरुलाई समेट्ने समेत विश्वास लिएको छु ।

परिच्छेद ६ मा कार्यकारी निर्देशक प्रतिष्ठानको निर्देशक प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र, यसले कार्यविधि बनाई प्रतिष्ठानको प्रतिस्पर्धाको आधारमा कार्यकारी निर्देशकको नियुक्ती गर्ने भनिएको छ । त्यसो भयो भने सदनमा उठ्ने गरेको राजनीतिका कुरा पनि हल गर्नेछ भन्ने लाग्छ ।

परिच्छेद ७ मा प्रतिष्ठानको कोष लेखा तथा लेखा परीक्षण भनिएको छ । यसले भ्रष्टाचारलाई न्युनीकरण गर्ने कुरा हुनेछ भन्ने कुरा पनि अनुभूति गरेको छु ।

परिच्छेद ८ मा विभेद भनेर विविध भनेर राखिएको छ । गण्डकी प्रज्ञा विज्ञान तथा प्रविधि प्रतिष्ठानमा अन्य संस्थालाई गाभ्न सकिने, वार्षिक प्रतिवेदन ल्याउने, अधिकार प्रत्यायोजन गर्ने, नियम बनाउने, यसको मापदण्ड र निर्देशिका बनाउने जस्ता कार्यले प्रतिष्ठानको कार्यक्षेत्रलाई प्रभावकारी तथा गुणस्तरीय बनाउनका लागि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही कार्यकारी परिषद्ले विज्ञान तथा प्रविधि सम्बन्धी आवश्यक मापदण्ड र निर्देशिका बनाउन सक्ने पनि व्यवस्था गरेको छ । तसर्थ यो विधेयक आजको युगमा गण्डकी प्रदेशमा असाध्यै महत्वपूर्ण हुनेछ ।

यसले गण्डकी प्रदेशका युवाहरुलाई दक्ष बनाउने काम गर्ने कुरा संस्कार सिकाउने कुराको बोध गराउनेछ । कक्षा १० पढेपछि हलो छोड्ने र कक्षा १२ पढेपछि थलो छोड्ने कुराको अन्त्य गर्ने छ भन्ने विश्वासको साथ यो विधेयक पूर्ण रुपमा समर्थन गर्दै बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**
माननीय सदस्य श्री बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय बिन्दुकुमार थापा**
सभामुख महोदय, आज हामी गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक उपर दफाबार छलफलमा छौं । सर्वप्रथम म नेपालमा कोरोना संक्रमणबाट १३ जनाको मृत्यु भइसकेको छ भने ३२ सय ३५ जना संक्रमित हुनुहुन्छ । मृत्यु भएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्न चाहन्छु ।

प्रदेशको चौतर्फी दिगो विकास गर्नको लागि विज्ञान र प्रविधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । हाल जति पनि उच्चतम विकास हासिल गरेका विश्वका जति पनि देशहरु छन् ती सबै विज्ञान र प्रविधिको विकास र निर्माणबाट नै सम्भव भएका हुन्। प्रकृति र वातावरणलाई नबिगारीकन बचाएर विकास र समृद्धि र निर्माण आजको आवश्यकता हो ।

हाल विश्वमा देखिएको डरलाग्दो कोरोना कहरको नियन्त्रण र उपचार पनि विज्ञान र प्रविधिको सफल प्रयोग तथा आविस्कारबाट नै सम्भव छ र त्यो अनवरत प्रयास पनि भइरहेको छ ।

सभामुख महोदय, गण्डकी प्रदेश समग्र विकास र समृद्धिको लागि विज्ञान र प्रविधिको क्षेत्रमा अनुसन्धान अनुसन्धानात्मक क्रियाकलाप प्रवर्द्धन गर्नको लागि उपयुक्त वातावरण सिर्जना गरी वैज्ञानिक तथा प्रविधिक प्राविधिकहरुको सिप र ज्ञानको अभिवृद्धि तथा उच्चतम उपयोग गर्दै प्रदेशको विकास गर्न सक्षम र सवल र नेतृत्वदायी संस्थाको स्थापना र संचालन आवश्यक भएकोले पनि यो विधेयक आएको हो । यति हुँदाहुँदै पनि विधेयकको विधि हुन्छ । कार्यान्वयनमा कसरी जान्छ ? पहुँच र पावर पावरको हिसाबले नियुक्ति पदस्थापना हुन्छन् कि हुँदैनन त्यो भविष्यले देखाउने छ ।
अब म विधेयकलाई केही प्रष्ट्याउन पाउन तथा सुझाव सभामुखमार्फत सरकारलाई राख्न चाहन्छु ।

विधेयकको २४ नम्बर बुँदामा आएको यस विधेयकको २४ बुँदामा आएको यस विधेयकको ७ नम्बरमा कार्यकारी परिषद् गठनको परिकल्पना गरिएको छ । ९ सदस्यिय उक्त परिषद्को निर्णयको लागि र मिटिङमा गणपूरक संख्याको लागि तत्काल कायम रहेको सदस्यको बहुमतबाट हुनेछ भनिएको छ ।

अब यसमा मलाई के लाग्छ भने सभामुख महोदय, गणपूरक संख्या ट्वान्टी फाइभ पर्सेन्ट अथवा थर्टि थ्री पर्सेन्ट राखेर तत्काल उपस्थिति सदस्य संख्याको बहुमत भनेर निर्णयमा राख्न पायो भने अझ यसले सार्थकता पाउँछ जस्तो मलाई लाग्छ । किनभने यो गणपूरक संख्यामा पनि बहुमत भनिएको छ र यो निर्णयमा लैजानका लागि मिटिङलाई निर्णयार्थ लैजानको लागि पनि बहुमत भनिएको छ र यसलाई सुधार गर्न सकियो भने त्यो अझ राम्रो हुन्छ भन्ने मलाई लाग्छ ।

माननीय सभामुखज्यू, दफा १२ को उपदफा ६ मा कार्यकारी निर्देशकको नियुक्ति ३ सदस्यीय छनोट समितिले कार्यविधि बनाई प्रतिस्पर्धाको आधारमा ३ जना प्रदेश सरकार समक्ष पेस गर्ने भनिएको छ । विधेयकमा कस्तो प्रतिस्पर्धाको प्रणाली अपनाउने भन्ने कुरा त कार्यविधिले नै प्रष्ट्याउँला । राइट मेन, राइट प्लेस योग्य र सक्षम व्यक्तिको छनोट हुन्छ भन्नेमा सरकारको नियतमा मात्रै भरपर्ने हुन्छ । हालका दिनसम्म देखिएको सरकारको रवैया र अहम् पनले सरकार पटक्कै अभिभावकको जिम्मेवारी भुमिका निभाएर पार्टीभन्दा माथि उठ्न सकेको देखिएको छैन ।

जति पनि समिति उपसमितिहरु, परिषद्हरु कर्मचारीहरु नियुक्तीका कुराहरु छन्, यी सबैमा अलिकति पार्टीमा आस्था राख्ने, पार्टीको लेबी बुझाउने मानिसहरु नै अब यो अवसरबाट यो अवसरको सदुपयोग गरेको हामीले पाएका छौं ।

त्यसकारण विधेयक आफैमा अत्यन्त राम्रो छ तर यो विधेयक कार्यान्वयन पक्ष कसरी हुन्छ , यसको कार्यान्वयन पक्ष कसरी जान्छ र त्यसलाई ड्राइभ गर्ने सरकार भएको हुँदाखेरी सरकारले यल्लाई कसरी ड्राइभ गर्छ भन्ने कुरामा धेरै कुराहरु भर पर्ने हुँदा खेरी आउँदा दिनहरुमा सरकारले जति पनि परिषद्हरु छ, जति पनि समिति, जति पनि उपसमितिहरु हुन त कर्मचारी भर्नाको लोकसेवा आयोगबाटै विधि प्रक्रियाबाटै लिने भनिएको छ यद्यपि व्यवहारमा पनि त्यो हामीले देख्न पायौं भने सक्षम व्यक्ति जो क्यापेबल छ, त्यस्तो व्यक्ति नै छनोटमा परोस् किनभने यो विज्ञान तथा प्रविधिमा अब यो साइन्टिसहरु वैज्ञानिकहरु उत्पादन गर्ने खालको उत्पादन गर्नको लागि सहयोग पुऱ्याउने विधेयक पनि हो यो । त्यसकारण त्यो तर्फ सरकारको जाओस् भन्ने सुझावका साथ मेरो आफ्नो भनाइ टुंगाउँछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री रोशन गाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय रोशन गाहा मगर**

माननीय सभामुख ज्यू, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र संचालन गर्न बनेको विधेयक, विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान यसको क्रियाकलाप प्रवर्द्धन गर्नका लागि उपयुक्त वातावरण सिर्जना गरी वैज्ञानिक तथा प्रविधिहरुको सिप र ज्ञानको अभिवृद्धि तथा उच्चत्तम उपयोग गर्दै प्रदेशको विकास गर्न सक्षम सवल र नेतृत्वदायी संस्थाको स्थापना र संचालन गर्न दफाबार समितिमा छलफल सहित विज्ञ सरोकार र संशोधनकर्ता बीचमा व्यापक रुपमा छलफल, संवाद सहित त्यस भित्रैबाट संशोधनकर्ताहरुले समेत संशोधनसहित सर्वसम्मत बाट यो गरिमामय सदनमा यो विधेयक आएको छ । यो धेरै राम्रो छ । यो प्रदेशलाई सक्षम अब्बल दर्जाको र वैज्ञानिक हिसाबबाट सिप ज्ञानको दक्षता बनाउनका निम्ति यसले राम्रो गरेको छ । यसमा हामीले शंका गर्नु पर्ने छैन । या कुनै लेबी तिरेको या कुनै राजनीतिको आभाष भएको कुरा यहाँ कतै छैन । अहिले हामी वैज्ञानिक आधुनिक युगमा छौं ।

अब हामीले यो वैज्ञानिक युगमा सिप र ज्ञानलाई वैज्ञानिक हिसाबबाट दक्ष, अदक्ष र सब्बल हामीले गराउन सक्यौं र यहाँको जनशक्तिलाई वैज्ञानिक हिसाबबाट सिप र ज्ञानबाट अब्बल गर्न सक्यौ भने यो प्रदेशको मात्रै होइन, व्यक्ति र समूहको पनि आर्थिक रुपमा स्तर वृद्धि भएर जान्छ ।

यो विज्ञानले अहिले देखाएको ज्वलन्त उदाहरण हो र, हामीले यो वैज्ञानिकको हिसाबबाट यो विज्ञानको हिसाबबाट विज्ञान र प्रविधिको हिसाबबाट हामीले परम्परागत रैथाने हिसाबबाट प्रयोगमा ल्याएको चिजलाई पनि अहिलेको समय सन्दर्भ यसलाई वैज्ञानिक प्रयोगमा ढालेर प्रयोगमा समावेश गरेर यसलाई लान जरुरी छ । जसले हामीलाई अहिलेसम्म ढुंगेयुगदेखि अहिलेको वैज्ञानिक युगसम्म ल्याउने काम गरेको छ। त्यसो भएको हुनाले अब हामीले त्यो परम्परागत रैथाने हिसाबबाट प्रयोगमा आएको औजारलाई पनि अहिले आधुनिक हिसाबबाट त्यसलाई वैज्ञानिक हिसाबबाट लगेर प्रयोग गर्न जरुरी छ । र, यो वैज्ञानिक हिसाबबाटै हामीले केही कुराको आविस्कार गरेर चाहे त्यो जडिबुडीको हिसाबमा होस्, चाहे अन्नबालीको प्रशोधनसहितको उत्पादन गर्ने कुरामा होस्, बाली नाली लगाउने कुरामा होस्, चाहे अन्य ठोस खनिज पदार्थहरुको आविस्कार गरेर प्रयोगमा ल्याउने कुराको रुपमा यो विधेयकले यसको उद्देश्यले राम्रोसँग बोलेको छ ।

यसले यो विधेयकले भविष्यमा गण्डकी प्रदेशको सरकारलाई एउटा परिणाममुखी विज्ञानको हिसाबले, प्रविधिको हिसाबले यसले राम्रो परिणाम ल्याउनेछ भन्ने मैले आशा लिएको छु र म र मेरो दलको तर्फबाट म यो विधेयकलाई समर्थन गर्न चाहन्छु र समिति समेतबाट सर्वसम्मत्बाट भएर आएको यो विधेयक यो गरिमामाय सदनबाट पनि सर्वसम्मत्बाट पारित हुने कुरामा म विश्वस्त छु । अब हामीले यो विज्ञान र प्रविधिको हिसाबमा अब विधेयक बन्यो, सरकारले चलायमान गर्यो भनेर मात्र भएन, हामीले हरेक क्षेत्रमा हरेक स्थानहरुमा जहाँ आवश्यकता, जहाँ उपयोग जहाँ प्राथमिकताको आधारबाट त्यसलाई छानबिनसहित उपयुक्त ठाउँमा यसको विज्ञान प्रविधि शिक्षालयको स्थापना गर्न जरुरी छ ।

अब हामीले नर्सरी तलै आधारभूत तहदेखि नै हामीले एउटा सिप र ज्ञान र दक्ष जनशक्ति उत्पादन गर्ने कुरामा यो प्राविधिक शिक्षाले यो उत्पादन गर्न जरुरी छ र, यो विज्ञान र प्रविधिबाट उत्पादन भइसकेपछि हामीले नेपालको मात्रै होइन, प्रदेशको मात्र

होइन, विदेशमा समेत गएर यो दक्ष नेपालको दक्ष, यो गण्डकी प्रदेशको दक्ष जनशक्ति त्यो मार्केटमा सहज तरिकाबाट जान सक्ने कुराको दक्ष योग्य, सक्षम, अब्बल बनाउन जरुरी छ । यसले त्यो उद्देश्य पनि बोकेको छ । त्यसो भएको हुनाले मलाई विश्वास छ, अब यसको अनुमति र स्वीकृतिले मात्रै हुँदैन, यसलाई संचालन गर्ने कुरामा पनि हामीले यसको भूमिकालाई हेर्नुपर्ने जरुरी छ ।

र अन्त्यमा यो गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र संचालनको यो विधेयक यो गण्डकी प्रदेशको निम्ति धेरै राम्रो छ, उपयुक्त छ र भविष्यमा यो वैज्ञानिक, यो विज्ञान प्रविधिबाट यहाँको जनशक्तिलाई सक्षम बनाउने सक्ने एउटा विधेयकको रुपमा छ भन्ने कुरा विश्वस्त रहँदै यो सर्वसम्मतबाट पास हुने विश्वास सहित म र मेरो दलको तर्फबाट पूर्ण समर्थन गर्दै मेरो भनाइलाई म अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल जेठ २६ गते दिनको १०:०० बजेसम्मको लागि स्थगित हुन्छ ।